# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, वैशाख १ गते २०४५ साल (अतिरिक्ताङ्क १

## भाग १

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विक्रम सम्वत् २०४५ साल वैशाख १ गते नयाँ वर्षको शुभ-उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. नववर्षको यस सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा बस्ने सम्पूर्ण नेपाली-हरूको सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ । एकवर्ष बितेर अर्को वर्षको थालनी हुने यस्तो बखतमा हामीले बितेका वर्षका गतिविधिहरूलाई फर्केर हेर्नुका साथै आगामी वर्षका लागि आ-आफ्नो कार्यक्रमबारे प्रक्षेपण पनि गर्दछौं । त्यसैले आजको दिन मनन गर्ने दिन हुन्छ ।

२. हाम्रो देशमा जनसंख्या वृद्धिको स्थिति के कस्तो छ, हाम्रो खाद्यान्न उत्पादन जनसंख्या वृद्धिको तुलनामा बढ्न सकेको छ वा छैन भन्नेजस्ता कुरादेखि लिएर नेपाली-मात्रको आधारभूत आवश्यकता परिपूर्तिको दिशामा हामीले के कति गर्‍यौं र अब कति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु बाँकी छ भन्ने कुरामा हामी सबैको ध्यान जानु परेको छ। सबै नेपाली सुखी रहून् भन्ने उद्देश्यले लागू गरिएको आधारभूत आवश्यकताको कार्यक्रम सम्पूर्ण नेपालीको संकल्पबिना पूरा नहुने भएकोले यसका लागि श्री ५ को सरकारदेखि लिएर जिल्ला, नगर तथा गाउँ पञ्चायतहरूका साथै निजी क्षेत्रमा पनि प्रत्येक संघ संस्था समेतले आ-आफ्नो तहमा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको परिपाटी बसाल्दै लानुपर्ने कुरामा हामीले जोड दिई आएका छौं। आशा छ, यस दिशामा सम्बन्धित सबैले यथोचित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्दै तिनको अनुसरण गर्दै जानेछन्।

३. मानिसलाई बाँच्नका लागि नभै नहुने आधारभूत आवश्यकता पूरा गर्ने काम हाम्रोजस्तो कम विकसित मुलुकका लागि निश्चय पनि कठीन हुन्छ। तर यसबारे अरूले यसो गर्नु वा उसो गर्नुपर्ने भन्नुभन्दा पनि हामीले आफैले गर्नुपर्ने आफ्नो कर्तव्य पूरा गर्न सकेका छौं वा छैनौं भन्नेतर्फ पनि ध्यान दिनु राम्रो हुन्छ। आफ्नो भाग्य बनाउने उत्तरदायित्व हामी आफैमा निहित छ भन्ने कुरा हामीले भुल्न हुँदैन। आधारभूत आवश्यकताको परिपूर्ति र विकेन्द्रीकरणबाट नै समाजमा वास्तविक प्रजातन्त्रको आधारशिला बलियो हुन जाने भएकोले यस दिशामा सबैको सहयोग प्राप्त भई रहोस्– यही नै हाम्रो कामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

११२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट २०४५ साल वैशाख १ गतेदेखि लागू हुने गरी राजप्रासाद सेवाका देहायका पदाधिकारीहरूलाई देहायबमोजिम गरिबक्सेको छ :–

प्रमुख राजदरबार पदाधिकारी कार्यालयमा

१. प्रमुख राजदरबार समारोह प्रबन्धक सरदार श्री ईश्वरीमान श्रेष्ठलाई ३ वर्ष अवधि थप गरी प्रमुख राजदरबार पदाधिकारीमा सरुवा बढुवा ।

प्रमुख राजदरबार समारोह प्रबन्धक कार्यालयमा

१. श्री ५ मुमा बडामहारानीका निजी सचिव सरदार श्री मधुसूदनराज राजभण्डारीलाई ३ वर्ष अवधि थप गरी प्रमुख राजदरबार समारोह प्रबन्धक पदमा श्री ५ मुमा बडामहारानीका निजी सचिवालयको कामसमेत गर्ने गरी सरुवा बढुवा ।

प्रमुख सचिवालयमा

१. प्रमुख सचिव श्री रञ्जनराज खनाललाई अर्को व्यवस्था नभएसम्मको लागि प्रमुख सचिवको पदमा नै रही काम गर्ने ।

प्रमुख सम्वाद सचिवालयमा

१. सम्वाद सचिव श्री नगेन्द्रप्रसाद श्रेष्ठलाई अवकाश ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१९२

मुद्रण विभाग, सिंहदरबार

११४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।